नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# पशु सेवा विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

५५४४७२६
५५२५७३३
५५२२०५६
५५४४७२७
५५२५४७९
फ्याक्सः ५५४२९१५
इमेलः dgdls@ntc.net.np

पत्र संख्या :-

चलानी नं. :-

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय पशु सेवा विभाग हरिहरभवन, ललितपुर, नेपाल

मितिः २०७८/११/०१

## प्रेस विज्ञप्ति

विगत एक महिनादेखि मोरङ जिल्लाका विभिन्न स्थानमा देखिएको बर्ड फ्लु रोग नियन्त्रण गरी सो क्षेत्रमा सघन निगरानी कार्य भैरहेको छ। नेपाल सरकारले बर्डफ्लु रोग नियन्त्रणको लागि संक्रमण पुष्टि भएको क्षेत्र लगायत अन्य क्षेत्रहरुमा नियमित रुपमा सघन रोग सर्भिलेन्स, नमूना संकलन तथा प्रयोगशाला परीक्षणको कार्यक्रम संचालन गरिरहेको छ। यसै क्रममा बागमती प्रदेश काठमाण्डौ जिल्लाको गोकर्णेश्वर नगरपालिका-३ बालुवा र चितवन जिल्ला राप्ती नगरपालिका-६ का कृषकहरुले पालेका कुखुराको नमूना केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा रियल टाइम पि.सि.आर. विधिबाट परीक्षण गर्दा बर्ड फ्लु रोग (HPAI, H5N1) पुष्टि भएको छ।

बर्ड फ्लु रोग पुष्टि भएको क्षेत्रबाट रोग अन्यत्र फैलन नदिई तत्काल नियन्त्रणमा लिन संघ, प्रदेश तथा स्थानीय तहका निकायहरुको समन्वयमा विज्ञ सहितका टोलीहरु परिचालन गरिएको छ। यस क्रममा पशु सेवा विभाग कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, जिल्ला प्रशासन कार्यालय, काठमाण्डौ, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ललितपुर, गोकर्णेश्वर नगरपालिका लगायतका निकायहरुको समन्वयमा रोग नियन्त्रणको लागि खटिएको टोलीले रोग देखिएका क्षेत्रमा रहेका सम्पूर्ण स्थानीय कुखुरा , अण्डा, दाना लगायतका रोग सार्न सक्ने अन्य वस्तु समेत नष्ट गरी रोग नियन्त्रण गरेको छ। उक्त टोलीलबाट २० स्थानीय कुखुरा, ५ परेवा, ३ लौकाट नष्ट गरी सुरक्षित तवरले डिस्पोज गरिएको छ। यसै गरी पशु सेवा विभाग, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, जिल्ला प्रशासन कार्यालय, चितवन, राष्ट्रिय पन्छी रोग अन्वेषण प्रयोगशाला भरतपुर, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चितवन, राप्ती नगरपालिका लगायतका निकायहरुको समन्वयमा रोग नियन्त्रणको लागि खटिएको टोलीले रोग देखिएको क्षेत्रमा रहेका १९१३ गोटा लेयर्स कुखुरा, १४ गोटा हाँस, २० गोटा हाँसको अण्डा, १००० के.जी. दाना र ३५० गोटा अण्डाको क्रेट नष्ट गरी सुरक्षित तवरले डिस्पोज गरिएको छ। साथै रोग देखापरेको क्षेत्रलाई पूर्ण निसंक्रमण समेत गरिसकिएको छ।

रोगको सघन निगरानीमा सहयोग गरी रोग देखापरेको अवस्थामा तत्काल नियन्त्रणमा लिने कार्यमा सक्रियतापूर्वक सहयोग गर्नुहुने सम्पूर्ण कृषक, व्यवसायी, नागरिक समाज, जनप्रतिनिधि, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, निजामती कर्मचारी, संचारकर्मी लगायत सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक धन्यवाद ज्ञापन

डा. लेखराज दहाल
नि. महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# पशु सेवा विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

फ्याक्सः ५५४२९१५
इमेलः dgdls@ntc.net.np

पत्र संख्या :-

चलानी नं. :-

गर्दछौं। साथै रोगलाई पूर्ण नियन्त्रणमा राख्न निम्नानुसारका विषयमा विशेष ध्यान दिई निरन्तर सहयोग गरिदिनु हुन सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक अपिल समेत गर्दछौं।

- पन्छी फार्म परिसरमा जैविक सुरक्षाका विधिहरू अवलम्बन गर्न/गराउनु हुन,
- घरपालुवा पन्छी हाँस, कुखुरा आदिलाई जंगली तथा अन्य चराहरूको सम्पर्कमा आउन नदिन खुल्ला रुपमा पन्छीपालनलाई निरूत्साहित गर्न/गराउनु हुन,
- सम्पूर्ण पन्छीपालक कृषकहरूले फार्म परिसरमा नियमित रुपमा निसंक्रमण गर्न तथा व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनु हुन,
- पन्छी तथा पन्छीजन्य उत्पादनको ओसारपसार गर्दा अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गरी भेटेरिनरी प्रमाणपत्र लिएर मात्र गर्न/गराउन हुन,
- कुनै पनि पन्छी फार्म वा अन्य पन्छीपालन वा विक्रीस्थलमा अस्वभाविक रुपमा पन्छी बिरामी परेमा वा मरेमा तत्काल नजिकको पशु सेवाका निकायमा सूचना गरिदिनु हुन।

७५/११/०१

डा. लेखराज दहाल
**नि. महानिर्देशक**